# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ :-

१ डाँक तार वा टेलिफोन सेवा

२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामानहरू ओसार पसार गर्ने यातायात सेवा

३. हवाईअड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा

५. मिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा

६ हातहतियार, खरखजान वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने र वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा

७. सञ्चार सेवा

८. विद्युत सेवा

९. खानेपानीको सञ्चालन तथा वितरण सेवा

१०. पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ र रिजर्ट सम्बन्धी सेवा

११. पेट्रोलियम पदार्थ (एल.पी. ग्यास समेत) को आयात तथा वितरण सम्बन्धी सेवा

१२. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्री वितरण सम्वन्धी सेवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३ फोहोरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन स्थल निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा

१४. बैंकिङ्ग सेवा

१५ बीमा सेवा ।

आज्ञाले,
उमेश प्रसाद मैनाली
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.अ.मु.द.नं. १६।०६२।६३

...बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।